आज मिती २०७५/६/९ गते मंगलबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ३८औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | | | |
| १७ | भीम बहादुर बुढाथोकी | का० स० | |

**प्रस्तावहरुः-**

१ वडापत्र स्विकृत गरि लागू गर्ने ।

२ गाउँपलिकाको खाता सञ्चालन सम्बन्धमा ।

३ हेभि मेसिनरि औजारको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत सम्बन्धमा ।

४. वडा नं. १ कार्यालयको लागत इस्टिमेट सम्बन्धमा ।

५. सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्बन्धमा ।

६. गाउँपालिका राष्ट्रिय महासघंको १ नं. प्रदेशको अधिवेशन प्रतिनिधित्व सम्बन्धमा ।

७. उपभोक्ता समिति तथा लाभग्राही समूहलाई सचेतना तालिम सम्बन्धमा ।

८. खर्च अनुमोदन सम्बन्धमा ।

९. सशस्त्र प्रहरी क्याम्प माग सम्बन्धमा ।

१० विविधः

Scanned by CamScanner

**निर्णयहरुः-**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवा प्राप्त गर्ने विधि तथा प्रकृया सम्बन्धि विवरण उल्लेख गरी तयार गरीएको माईजोगमाई गाउँपालिकाको नागरीक वडापत्र स्विकृत गरि लागू गर्ने निर्णय गरियो।

२. यस माईजोगमाई गाउँपालिकामा कार्यरत लेखापाल श्री राजकुमार सिन्चेउरीको म.ले.नि.का. को निर्यण अनुसार मेचीनगर नगरपालिका सरुवा भई रमना समेत भएकाले रिक्त लेखापाल दरबन्दीमा लेखापाल हाजिर नभए सम्मका लागि यस गाउँपलिकाको नाममा संचालित सम्पूर्ण बैंक खाताहरु यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत चन्द्र प्रकाश बस्नेत र सहलेखापाल प्रदिप नेपालको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो । साथै कार्यालयको पुरानो छापको सट्टा नयाँ आधिकारिक छाप प्रयोग गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिकाको आ.व. ०७५/०७६ को स्वीकृत बजेट तथा कार्यक्रम बमोजिमको हेभि मेसिनरि औजार खरिद प्रकृयाका लागि नेपालि विद्युत प्राविकरण, इलाम शाखाका मेकानिकल सहायक इन्जिनियरबाट तयार गरी पेश भएको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत गरीयो ।

४. यस गाउँपालिकाको आ.व. ०७५/०७६ स्वीकृत बजेट तथा कार्यक्रममा वडा नं. १ कार्यालयको निर्माण गर्न रु ६५ लाख विनियोजन भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिएको वडा भवन डिजाइन अनुसार लागत इस्टिमेट तयार गरी ठेक्का मार्फत निर्माण कार्य गराउँदा लागत अनुमान ८९ लाख हुन आएकोले नपुग रकम चालु आ.व मा नै स्रोतको सुश्चितता भएमा मध्यावधी गाउँसभाबाट रकमान्तर गरी निर्माण कार्य पूरा गर्ने स्रोत सुश्चिता नभएमा भवन निर्मारण क्रमागत योजना मानि आगमि आ.व. मा नपुग रकम विनियोजन गरी निर्माण कार्य पूरा गर्ने गरी मन्त्रालयको डिजाइन अनुसारकै लागतइस्टमेट स्वीकृत गरी ठेक्काको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

५. नेपाल सरकार, प्रदेश सरकार तथा यस गाउँपालिकाको सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न संघीय सरकार द्वारा जारि भएको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ बमोजिम तपशिल बमोजिमको यस गाउँपालिको सामाजिक सुरक्षा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिलः**

| | | |
|---|---|---|
| क. | सावित्रा भट्टराई | संयोजक |
| ख. | वीर बहादुर देवान | सदस्य |
| ग. | कविता राई | सदस्य |
| घ. | आङ्पाङ्ग शेर्पा | जष्ठ नागरिक महासंघ प्रतिनिधि सदस्य |
| ङ. | डम्बर निरौला | पत्राकार महासंघ प्रतिनिधि सदस्य |
| च. | रविन अधिकारी | राष्ट्रिय अपाङ्ग महासंघ प्रतिनिधि सदस्य |
| छ. | श्याम कुमार लिम्बू सेम्वो | कार्यक्रम शाखा प्रमुख सदस्य सदस्य |
| ज. | विष्णु कुमारी राई | शाखा प्रमुख सचिव सदस्य |

६. गाउँपालका राष्ट्रिय महासंघ नेपाल प्रदेश समन्वय समिति १ नं. प्रदेशको मिति ०७५/०५/३० को पत्रानुसार यहि मिति २०७५ असोज १२ र १३ गते प्रथम प्रदेश अधिवेशन सम्पन्न हुने भएकोले उक्त अधिवेशनमा यस गाउँपालिकाको प्रतिनिधित्व गर्न निम्न चार सदस्यीय प्रतिनिधिहरु पठाउने निर्णय गरियो ।

Scanned by CamScanner

**निम्न:**

| | | |
|---|---|---|
| क. | श्री जीत बहादुर राई | गा.पा. अध्यक्ष |
| ख. | श्री सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष |
| ग. | श्री दाताराम सङ्ग्रेल | ५ नं. वडाध्यक्ष |
| घ. | श्री सकुन्तला पौडेल | ३ नं. वडा महिला सदस्य |

७. यस गाउँपालिकाको आ.व. ०७५/०७६ स्वीकृत बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न गठन भएका उपभोक्ता समिति तथा लाभग्राही समूहलाई वडागत रुपमा गाउँपालिकाको तालिम संचालन मापदण्ड बमोजिम कार्यक्रम तयार गरी तपशिल बमोजिमको मितिमा गाउँपालिकाबाट सचेतना तालिम संचालन गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स. | वडा कार्यालय | तालिम संचालन मिति | कैफियत |
|---|---|---|---|
| १ | १ | २०७५/०६/२१-२२ | |
| २ | २ | २०७५/०६/१८-१९ | |
| ३ | ३ | २०७५/०६/२१-२२ | |
| ४ | ४ | २०७५/०६/१६-१७ | |
| ५ | ५ | २०७५/०६/१६-१७ | |
| ६ | ६ | २०७५/०६/१८-१९ | |

८. यस गाउँपालिकाको आ.व. ०७४/०७५ को स्वीकृत बजेट तथा कार्यक्रम चालु र पुँजीगत शिर्षकमा विनियोजन भएकोमा पछि महालेखा नियन्त्रक कार्यालयले जारि गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ बमोजिम आर्थिक कारोबारको अनलाइन इन्ट्रि गर्दा पुँजीगत शिर्षकको कार्यक्रम अन्तर्गतका योजनाहरु चालु शिर्षकमा प्रविष्ट हुन गई सोहि अनुसार खर्च हुन गएकाले आ.व. ०७४/०७५ मा विभिन्न शिर्षकमा भएका खर्चहरु स्वीकृत गरियो ।

९. माईजोगमाई गाउँपालिका क्षेत्रभित्र आपराधिक कृयाकलापलाई न्यूनिकरण गरी जनतामा शान्तिसुरक्षा प्रत्याभुत गर्न यस गाउँपालिकाको केन्द्रमा सशस्त्र प्रहरी क्याम्प स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय, इलाममा पहल गरिदिन पत्राचार गर्ने निर्णय गरियो ।

१०. विविधः

**क.** आसन्न नेपालीहरुको महान चाडपर्वलाई मध्यनजर गर्दै माईजोगमाई गाउँपालिका भरीको मटरबाटोहरुको मर्मत गरी अबरुद्ध यातया सञ्चालन गर्न ६ वटै वडाहरुमा आवश्यक्ता अनुसार मोटरबाटो मर्मत सम्भार अमानत बाट गर्न प्रत्येक वडाहरुलाई रु १ लाखका दरले निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त कार्य गर्ने जिम्मा वडा समित र वडा कार्यालयलाई दिने निर्णय गरियो ।

**ख.** यस माईजोगमाई गाउँपालिकालाई आवश्यक पर्ने प्राविधिक कर्मचारी सिभिल तर्फ मन्त्रालयले दिएको अन्तरिम दरबन्दी अनुसार वडा कार्यालयमा बसेर कामकाम काज गर्ने गरी सव इन्जिनियर – ३ र असिस्टेन्ट सव इन्जिनियर – ३ सेवा करार गरी कामकाजमा लगाउने गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ बमोजिम प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**ग.** यस गाउँपालिकाको गाउँकार्यपालिकाको नियमित तथा प्रकृयागत रुपमा मासिक दुई वटा बैठक प्रत्येक महिनाको १० र २५ गते बस्ने साथै गाउँपालिकाबाट निर्णय गरी कामकाज गर्नुपर्ने महत्वपूर्ण विषयवस्तु भए सम्बन्धित कार्यालय तथा विषयगत शाखाबाट नियमित बैठक बस्ने मिति भन्दा ५ दिन अगावै गाउँकार्यपालिकाको कार्यालयमा माईजोगमाई गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४ को अनुसुचि १ को ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**घ.** यस गा.पा. को आ.व. ०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको सवारीसाधन खरिद शिर्षकबाट प्याब्र स्वास्थ्य केन्द्र माईजोगमाई – ६ लाई बढिमा २ लाख ७० हजार सम्मको बाइक मोटरसाइकल खरिद गर्न रकम उपलब्ध गराउने निर्णय गरियो ।

**ङ.** नेपालीहरुको महान चाड विजयादशमी तथा दिपावलीको अवसरमा मिति २०७५/०६/२४ गते जनप्रतिनिधि तथा कर्मचारीहरु बीच शुभकामना आदानप्रदान कार्यक्रम गर्ने निर्णय गरियो साथै सोही अवसरमा यस गाउँपालिकाबाट मेचीनगर नगरपालिका सरुवा हुनु भएका लेखापाल श्री राजकुमार सिन्वेउरीलाई विदाई कार्यक्रम समेत गर्ने निर्णय गरीयो ।

**च.** माईजोगमाई गाउँपालिका आर्थिक सहायता कार्यविधि २०७५ को अधिनमा रहि तपशिलका माईजोगमाई गाउँपालिका स्थायी बसोबास भएका व्यक्तिलाई वडा कार्यालयको सिफारिसमा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरीयो ।

तपशिलः

| क्र.स. | नाम/ थर | स्थायी ठेगाना | कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बल बहादुर थामी | माईजोगमाई-२ | स्वास्थ्य उपचारका लागि | रु १५०००/- | |
| २ | टिकाराम राई | माईजोगमाई-५ | स्वास्थ्य उपचारका लागि | रु १५०००/- | |

**छ.** माईजोगमाई गाउँपालिका भित्र खेलकुद प्रवर्धन गर्न खेलकुद क्लब तथा यूवा समूहहरुले विभिन्न खेलकुद आयोजना गर्न प्रस्ताव पेश गरेकोमा तपशिल बमोजिम ती क्लब तथा यूवा समूहहरुलाई गा.पा. को वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक विभिन्न खेलकुद क्लब सहयोग तथा प्रोत्साहन बाट रकम उपलब्ध गराउने निर्णय गरीयो ।

**तपशिलः**

| क्र.स. | यूवा समूह/ क्लब | ठेगाना | उपलब्ध रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक युवा विकास मञ्च | माईजोगमाई-५ | ३००००/- | |
| २ | ज्योति स्पोटिङ्ग क्लब | माईजोगमाई – ४ | ३००००/- | |
| ३ | नवदिप ज्योति समाज | माईजोगमाई – २ | ८००००/- | |

Scanned by CamScanner